

के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १०८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ बैशाख १९ गते बुधबार ❑ 1 May 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## विश्वासको मत लिने तयारीमा गण्डकी प्रदेश सरकार

**पोखरापत्र संवाददाता**
पोखरा, १८ बैशाख

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले विश्वासको मत लिने तयारी गर्नु भएको छ।

गण्डकी प्रदेश सरकार गठन विरुद्ध परेको रिट सर्वोच्च अदालतले खारेज गरेसंगै अहिलेको सरकारलाई वैधानिकता दिएकोले यही वैशाख २४ गते भित्र विश्वास मत लिनुपर्ने कानूनी प्रवधान भएकोले विश्वासको मत लिने तयारी गर्नु भएको सरकारका प्रवक्ता एवं आर्थिक मामिला मन्त्री हरिबहादुर चुमानले बताउनुभयो।

राप्रपा सहितको समर्थनमा मुख्यमन्त्री अधिकारीले विश्वासको मत लिने आन्तरिक तयारी गरिएको श्रोतको भनाई छ । राप्रपाले हालसम्म सरकारलाई समर्थन गर्ने वा नगर्ने यस बिषयमा कुनै निर्णय नभएको र केन्द्रको निर्णयको पर्खाइमा रहेको राप्रपाका संसदीय दलका नेता पञ्चराम गुरुङले बताउनु भयो। केन्द्रले निर्णय नगर्दासम्म आफुहरुले सरकारलाई समर्थन वा विरोध गर्ने बिषयमा हाल केही भन्न नसक्ने उहाँले जनाउनु भयो । मुख्यमन्त्री अधिकारीले आफूलाई एमाले, माओवादी केन्द्र र स्वतन्त्र उम्मेदवार दीपक मनाङेको समर्थन सहित ३१ मत रहेको प्रदेश प्रमुखको कार्यालयमा पेश गर्नु भएको थियो । उहाँ मुख्यमन्त्री भए पछि ठूलो पार्टी नेपाली कांग्रेस संसदीय दलका नेता सुरेन्द्रराज पाण्डेले गत चैत २७ गते सर्वोच्चमा रिट दायर गर्नु भएको थियो। मुख्यमन्त्री अधिकारीलाई ३० दिन भित्र विश्वासको मत लिने गरी अदालतले बाटो खुल्ला गरेको सर्वोच्च अदालतका प्रवक्ता वेदप्रसाद उप्रेतीले बताउनु भयो । धारा १६८ को उपधारा ४ को प्रक्रिया पूरा गर्दा प्रत्यर्थीले विश्वासको मत प्राप्त नगरेमा मात्र धारा १६८ को उपधारा ३ क्रियाशील हुने उहाँले जनाउनु भयो । न्यायाधीशद्वय सपना प्रधान मल्ल र सारंगा सुवेदीको संयुक्त इजलासले सोमबार उक्त रिट खारेज गरेको हो । कांग्रेस संसदीय दलका नेता एवं निवर्तमान मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले मुख्यमन्त्रीमा अधिकारी नियुक्त हुँदा सभामुखको समेत मत गणना भएको भन्दै आफ्नो नेतृत्वमा सरकार गठन गर्न आदेश माग गर्दै रिट दायर गर्नु भएको थियो । सभामुख सहितको हस्ताक्षरमा नेकपा (एमाले) संसदीय दलका नेता खगराज अधिकारी गत चैत २५ गते मुख्यमन्त्रीमा नियुक्ति हुनु भएको थियो।

यही वैशाख ७ गतेका संसद बैंठक आव्हान गरिएकोमा प्रमुख प्रतिपक्ष कांग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले बाहिष्कार गरे पछि सभामुख कृष्ण धितालले अनिश्चितकालका निम्ति बैठक स्थगित गर्नुभएको थियो।

## अब इलामको विकासको जिम्मा सुहाङले लिनेछन् र सुहाङको जिम्मा म लिनेछु : अध्यक्ष ओली

**रासस**
काठमाडौं, १८ बैशाख



नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले सुहाङ नेम्बाङले सांसदमा विजय हासिल गरेसँगै इलामले थप समृद्धि हासिल गर्ने विश्वास व्यक्त गर्नुभएको छ।

प्रतिनिधिसभा सदस्य उपनिर्वाचनमा इलाम-२ बाट एमाले उम्मेदवार सुहाङ निर्वाचित भएपछि आज इलाम चोकबजारमा आयोजित विजय सभालाई सम्बोधन गर्दै उहाँले सो कुरा बताउनुभएको हो । "तपाईंहरूले युवा नेता सुहाङलाई जिताएर पठाउनुभयो, यसका लागि इलामको जनतालाई धन्यवाद दिन चाहन्छु ", अध्यक्ष ओलीले भन्नुभयो, "अब इलामको विकासको जिम्मा सुहाङले लिनेछन् र सुहाङको जिम्मा म लिनेछु ।" अध्यक्ष ओलीले देशलाई आर्थिकरुपमा समृद्ध बनाउने कार्ययोजना एमालेसँग मात्र भएको दाबी गर्नुभयो । उहाँले भन्नुभयो, "मुलुकलाई आर्थिकरुपमा बलियो र समृद्ध बनाउने कार्ययोजना एमालेसँग मात्र छ, अहिलेसम्मको सबै कामको नेतृत्व एमालेले नै गरेको छ।" अध्यक्ष ओलीले स्व सुवास नेम्बाङले थाल्नुभएको विकासको अभियानलाई पूर्णता दिनका लागि सुहाङ उपयुक्त पात्र रहेको उल्लेख गर्नुभयो। उहाँले सुवास जनताको लागि लड्ने योद्धा भएको स्मरण गर्दै उनका छोरा सुहाङ पनि योद्धा नै भएको दाबी गर्नुभयो। उहाँले भन्नुभयो, "सुवास त संविधानको निर्माता, एउटा सांसद, जनताका लागि लड्ने योद्ध हुनुहुन्थ्यो, योद्धाको छोरा पनि योद्धा नै हुन्छ।"

ओलीले आफ्ना उम्मेद्वार जिताउन सहयोग गरेको जनाउँदै नेकपा (माओवादी केन्द्र) समेत धन्यवाद दिनुभयो। कार्यक्रममा नवनिर्वाचित प्रतिनिधिसभा सदस्य सुहाङले इलामे जनताको लागि इमान र निष्ठापूर्वक काम गर्ने प्रतिबद्धता जनाउनुभयो। "म मेरो बाबुको अपूरो र अधुरो सपना पूरा गर्न राजनीतिमा आएको हुँ, इमान र निष्ठाका साथ जनताको काम गर्नेछु", उहाँले भन्नुभयो, "०८४ को निर्वाचनमा एमालेले जनताको घरघरमा भोट माग्नै नपर्ने गरी काम गरेर देखाउनेछु, इलामे जनता र मतदाताको शिर झुक्ने काम कहिले गर्ने छैन।"

कार्यक्रममा माओवादी केन्द्रका केन्द्रीय सदस्य एवं इलाम इञ्चार्ज धीरेन्द्र शर्मा र नेकपाका केन्द्रीय सदस्य एवं इलाम इञ्चार्ज सुमन सीले बामपन्थी गठबन्धनलाई जनताले अनुमोदन गरेको जनाउँदै धन्यावाद ज्ञापन गर्नुभयो । सुहाङले कांग्रेसका उम्मेदवार डम्बरबहादुर खड्कालाई पाँच हजार आठ सय ३० मतको फराकिलो अन्तरले पराजित गर्नुभएको थियो । सुहाङले २७ हजार सात सय ७२ मत पाउँदा निकटतम प्रतिस्पर्धी खड्काले २१ हजार नौ सय ४२ मत प्राप्त गर्नुभएको थियो।

## आर्थिक वृद्धिदर ३ दशमलव ५४ प्रतिशत अनुमान

**रासस**
काठमाडौं, १८ बैशाख


राष्ट्रिय तथ्याङ्क कार्यालयले चालु आर्थिक वर्ष २०८०/८१ मा नेपालले तीन दशमलव ५४ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने अनुमान सार्वजनिक गरेको छ।

चालु आवको बजेटमार्फत सरकारले छ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखेकोमा लक्ष्यको आधा बराबर मात्रै वृद्धिदर हासिल हुने अनुमान तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको हो। तथ्याङ्क कार्यालयले आज आव २०८०/८१ को वार्षिक राष्ट्रिय लेखा तथ्याङ्क सार्वजनिक गर्दै यस्तो अनुमान सार्वजनिक गरेको हो। "चालु आव २०८०/८१ मा आर्थिक वृद्धिदर आधारभूत मूल्यमा तीन दशमलव ५४ प्रतिशत र उपभोक्ता मूल्यमा तीन दशमलव ८७ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ", कार्यालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "चालु आव २०८०/८१ मा उपभोक्ता मूल्यमा आधारित मुलुकको अर्थतन्त्रको आकार रु ५७ खर्ब चार अर्ब पुग्ने अनुमान छ।" त्यसैगरी, गत आव २०७९/८० मा नेपालको अर्थतन्त्रको आकार रु ५३ खर्ब ४८ अर्ब बराबर रहेको पनि तथ्याङ्क कार्यालयले जनाएको छ।

तथ्याङ्क कार्यालयले चालु आवमा कृषि क्षेत्रको वृद्धिदर प्रक्ष्येपण तीन दशमलव ०५ र गैर कृषि क्षेत्रको वृद्धि तीन दशमलव ७५ प्रतिशत रहने अनुमान गरेको छ । त्यसैगरी, प्राथमिक क्षेत्र तीन प्रतिशत, द्वितीय क्षेत्र एक दशमलव दुई प्रतिशत र सेवा क्षेत्र चार र दशमलव पाँच प्रतिशत रहेको छ। चालु आवमा प्रतिव्यक्ति कूल गार्हस्थ्य उत्पादन अमेरिकी डलर एक हजार चार सय ३४ हुने प्रारम्भिक अनुमान गरिएको छ भने प्रतिव्यक्ति कूल राष्ट्रिय आय अमेरिकी डलर एक हजार चार सय ४५ रहने अनुमान गरिएको छ।

चालु आवमा विभिन्न क्षेत्रको मूल्य अभिवृद्धि वृद्धिदर हेर्दा स्वास्थ्य तथा सामाजिक कार्यतर्फ पाँच दशमलव ५२, शिक्षातर्फ दुई दशमलव ७१, सार्वजनिक प्रशासन तथा रक्षातर्फ चार दशमलव ४९, प्रशासनिक तथा सहयोगी सेवातर्फ चार दशमलव ०४, पेसागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलापतर्फ चार दशमलव १५ प्रतिशतको वृद्धिदर अनुमान गरिएको छ । त्यसैगरी, घरजग्गा कारोबारतर्फ दुई दशमलव ९८, वित्तीय तथा बीमा क्षेत्रतर्फ सात दशमलव ८०, सूचना तथा सञ्चारतर्फ चार दशमलव ९१ प्रतिशत, आवास तथा भोजन सेवातर्फ ८१ दशमलव ८४ प्रतिशत र यातायात तथा भण्डारण सेवातर्फ ११ दशमलव ८९ प्रतिशतको वृद्धि अनुमान गरिएको छ। थोक, खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवातर्फ शून्य दशमलव १६, पानी आपूर्ति, ढल व्यवस्थापनलगायत क्षेत्रमा दुई दशमलव ८०, विद्युत् ग्यास तथा वातानुकूलित आपूर्ति सेवातर्फ १७ दशमलव ४४, खानी तथा उत्खननतर्फ दुई दशमलव ३१, कृषि, वन तथा मत्स्यतर्फ तीन दशमलव ०५ प्रतिशत वृद्धि रहने अनुमान गरिएको छ। चालु आवमा उद्योग र निर्माण क्षेत्रको मूल्य अभिवृद्धिदर ऋणात्मक रहने अनुमान गरिएको छ।

उद्योग क्षेत्र एक दशमलव ६० र निर्माण क्षेत्र दुई दशमलव ०७ ले ऋणात्मक रहने कार्यालयले जनाएको छ । राष्ट्रिय लेखा अनुमान गर्न संयुक्त राष्ट्रसङ्घ, युरोपियन युनियन, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, आर्थिक विकास तथा सहयोगका लागि सङ्गठनजस्ता अन्तर्राष्ट्रिय संस्थाद्वारा संयुक्तरुपमा विकास गरेको राष्ट्रिय तथ्याङ्क कार्यालयले राष्ट्रिय लेखा तथ्याङ्क अनुमान गरी प्रकाशन गर्दछ।




## दराजमै थन्किए १४ हजार थान राष्ट्रिय परिचयपत्र

**पोखरापत्र संवाददाता**
तनहुँ, १८ बैशाख

राष्ट्रिय परिचयपत्र लिने मानिस नआउँदा १४ हजार थान राष्ट्रिय परिचयपत्र जिल्ला प्रशासन कार्यालयको दराजमै थन्किएको छ । करिब सात महिना पहिले २०७६ देखि भरिएको राष्ट्रिय परिचयपत्र आए पनि मानिस लिन नआउँदा राष्ट्रिय परिचयपत्र दराजमै थन्किएको जिल्ला प्रशासन कार्यालय तनहुँले जनाएको छ।

कार्यालयमा १५ हजार थान राष्ट्रिय परिचयपत्र आए पनि हालसम्म जम्मा एक हजार तीन सय २५ जनाले मात्रै लगेको राष्ट्रिय परिचयपत्र शाखाका कम्प्युटर अपरेटर प्रताप पण्डितले बताउनुभयो। परिचयपत्र लिन आउँदा पनि फाराम भर्दा जस्तै बायोमेट्रिक प्रणालीबाट रुजु गर्नुपर्ने र प्रणालीले नै सबै मिलेको जनाएपछि परिचयपत्र प्रदान गरिने उहाँले सुनाउनुभयो ।



परिचयपत्र आएको बारेमा मोबाइल नम्बरबाट पनि जानकारी हुने पण्डितले बताउनुभयो । "राष्ट्रिय परिचय पत्र लिन आउन पनि स्वयं व्यक्ति नै आएर पहिलेकै जस्तो दस्तखत भिडाउनुपर्छ", कम्प्युटर अपरेटर पण्डितले भन्नुभयो, "२०७६ सालदेखि फारम भरेका अधिकांश विदेश गइसकेकाले पनि परिचयपत्र त्यसै थन्किएर बसेको होला भन्ने हाम्रो बुझाइ छ ।" वैशाख दोस्रो साता मात्रै करिब ४० हजार थान राष्ट्रिय परिचयपत्र आइसकेको र केही दिनमा त्यो रुजु गरेर मात्रै सम्बन्धित व्यक्तिलाई प्रदान गरिने योजना रहेको दर्ता सहयोगी जमुना श्रेष्ठले जानकारी दिनुभयो। राष्ट्रिय परिचयपत्र फारम भर्न र लिनकै लागि दैनिक दुई जना कर्मचारी खटाईएको सहायक प्रमुख जिल्ला अधिकारी कमलराज भण्डारीले बताउनुभयो । बिहान १० बजेदेखि कार्यालय समयसम्म राष्ट्रिय परिचयपत्र फारम भर्ने र आएका परिचयपत्र लिने व्यवस्था गरिएको सहायक प्रजिअ भण्डारीले बताउनुभयो । "हामीले राष्ट्रिय परिचयपत्र भर्न र लैजान सजिलो होस् भनेर कर्मचारी कार्यालय समयमा खटाउने गरेका छौं", सहायक प्रजिअ भण्डारीले भन्नुभयो, "तर आएको परिचयपत्र लैजाने युवा नै यहाँ नभएकोले गर्दा दराजमा नै थन्किएको हुनसक्छ । आफ्नो परिचयपत्र रुजु गरेर लैजान सबैमा अनुरोध गर्दछौं ।"

## मर्यादित श्रमको वातावरण निर्माण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नुपर्दछ : राष्ट्रपति पौडेल

**रासस**
काठमाडौं, १८ बैशाख

राष्ट्रपति रामचन्द्र पौडेलले मुलुकभित्र मर्यादित श्रम गर्ने वातावरण निर्माण गरी आन्तरिक उत्पादन र उत्पादकत्व बढाइनुपर्ने बताउनुभएको छ।

विश्व मजदुर दिवस, २०२४ को शुभकामना सन्देश दिनुहुँदै राष्ट्रपति पौडेलले मुलुकको आर्थिक समृद्धि र आत्मनिर्भरउन्मुख अर्थतन्त्र निर्माणका लागि आन्तरिक श्रम बजार मजबुत हुनुपर्ने बताउनुभएको हो । शुभकामना सन्देशमा उहाँले भन्नुभएको छ, "मुलुकको आर्थिक समृद्धिका लागि उद्यमशीलताको विकासमार्फत स्वदेशी उत्पादन वृद्धि गरी स्वावलम्बी र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नु अत्यावश्यक हुन्छ । उद्यमशीलताको विकास गर्न पुँजी लगानी गर्ने उद्यमी र श्रम तथा सीप लगानी गर्ने श्रमिक दुवैको योगदान उत्तिकै महत्वपूर्ण हुने

बाँकी अन्तिम पृष्ठमा ▶▶

# सिप सिकेपछिको समय आर्यआर्जन गरी फाइदा लिनुहोस् : अध्यक्ष कार्की

**पोखरापत्र संवाददाता**
पोखरा, १८ बैशाख

पोखरा महानगरपालिका १४ नं. वडा कार्यालयका अध्यक्ष बोधबहादुर कार्कीले तालिम र सिप सिकेपछिको समयलाई आयआर्जनमा जोडेर फाइदा लिन आग्रह गरेका छन् ।



महिलाहरूका लागि पन्ध्रदिने गुडिया तथा सजावटका सामग्री निर्माण तालिमको समापनका क्रममा प्रशिक्षार्थीलाई प्रमाणपत्र वितरण गर्दै कार्कीले भने फुर्सदको समयमा उत्पादन गरेका चिज खेरा गएन भने फाइदा तपाईंलाई नै हो वडालाई दिनु पर्दैन । आफूले सिकेको सिपलाई सामूहिक रूपमा उद्यम गरी उत्पादनमा जोडिने महिला समूहलाई वडा कार्यालयले मेसिन उकरण सहयोग गर्ने कार्कीले बताए । विधाता हस्तकला तथा प्राविधिक तालिम केन्द्रकी सञ्चालक एवम् मुख्य प्रशिक्षक सविता श्रेष्ठले प्रशिक्षार्थीले बनाएका सामग्री सिधै बजारमा पुऱ्याउन लायक भएकाले प्रत्यक्ष रोजगारीमा जोडन २५ जनालाई थप १५ दिन तालिम दिने बताइन । श्रेष्ठले सिप सिक्दासिक्दै रोजगारमा आवद्ध हुनु र उत्पादन गरेका सामग्री अब्बल भई बजार पाउनुले तालिमको औचित्य पुष्टि भएको जनाइन । आर्थिक समृद्धिको आधार, लघु उद्यममार्फत् रोजगार नाराका साथ गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत वडाले गुडिया तथा सजावटका सामग्री निर्माण तालिमको समापन कार्यक्रममा वडा सदस्यहरू दिलमाया गुरुङ, कृष्णहरि काफ्ले, गोपालप्रसाद सापकोटा, नारी कल्याण आमा समूहकी अध्यक्ष सिर्जना पोखरेल, सामाजिक अभियन्ता रामचन्द्र कार्की लगायतका वक्ताले प्रशिक्षार्थीलाई सिकेको सिप व्यावहारमा उतार्न आग्रह गरेका थिए । प्रशिक्षार्थी कविता परियार विक र अस्मिता परियाले आफ्नो अनुभव सुनाउँदै भने, ' गिटी बालुवा बोकेर जीवन चलाएका हामीहरूले तालिम लिएर सिप सिक्ने अवसर पायौँ, अबको जीवन सहज हुने आशा राखेका छौँ ।' गत चैत्र २८ गतेदेखि वैशाख १६ गतेसम्म वडा कार्यालयले ६० घण्टाको गुडिया तथा सजावटका सामग्री बनाउने तालिम दिएको थियो । हस्तकला तालिममा वडाभित्रबाट छनौट भएका ३० जना प्रशिक्षार्थीको सहभागिता रहेको थियो । तालिम अवधिमा प्रशिक्षार्थीले विभिन्न प्रकारका गुडिया र सजावटका सामान बनाएका थिए ।

वडा सदस्य एवम् तालिम संयोजक तनुजा थापा सिकेको अध्यक्षतामा सम्पन्न समापन कार्यक्रममा प्रशिक्षार्थी रिना परियारले प्रतिवेदन र रिता विकले मूल्याङ्कन प्रस्तुत गरेकी थिइन भने कर्मचारी नानु लामिछानेले कार्यक्रम सञ्चालन गरेकी थिइन ।

# छात्रा क्रिकेट जारी : भद्रकाली र अम्मरसिंहको जित

**पोखरापत्र संवाददाता**
पोखरा, १८ बैशाख

पोखरा महानगरपालिका खेलकुद विकास समितिको आयोजना तथा महानगर क्रिकेट संघ पोखराको संयोजनमा पोखरा रंगशालामा जारी कंगारु एजुकेशन फाउण्डेशन टी-ट्वान्टी छात्रा क्रिकेट प्रतियोगिता अन्तर्गत मंगलबारका खेलहरुमा भद्रकाली मावि र अम्मरसिंह मावि विजयी भएका छन् ।



पहिलो खेलमा अम्मरसिंहले छोरेपाटन माविलाई ६ विकेटले पराजित गरेको हो । पहिला व्याटिङ गरेको छोरेपाटनले पुरा २० ओभरमा ९ विकेट गुमाएर ७५रन बनाएको थियो । उसका लागि सरस्वती दर्जीले १८ तथा प्रतिक्षा पौडेलले अभिजित १२ रन हानिन् । अम्मरसिंह माविको बलिङमा कृषा तिवारीले ३, चन्द्रमाया बराल र रक्षा फगामीले समान २ विकेट लिए । ७६ रनको लक्ष्य पाएको अम्मरसिंह माविले ९.५ ओभरमा ४ विकेट गुमाएर जित निकाल्यो । अम्मर सिंहका लागि चन्द्रमाया बरालले १८ बनाइन् । छोरेपाटनका बलर अनुष्का थापाले ३ तथा नेहा गौतमले १ विकेट लिइन् । खेलमा अम्मरसिंहकी कृषा तिवारी सिपको साथी कफी क्लास प्लेयर अफ द म्याच भइन् । अर्को खेलमा भद्रकालीले लक्ष्मी माविलाई ६५ रनले पराजित गर्यो । पहिला व्याटिङ गरेको भद्रकालीले २० ओभरमा ६ विकेट गुमाएर १ सय ४१ रनको योगफल तयार पारेको थियो । सो खेलमा भद्रकालीका रिया तामाङले ३५ तथा रिसा तामाङले अभिजित १३ रन बनाइन् ।

लक्ष्मीका बलर सुप्रिया गुरुङले १ विकेट लिइन् । प्रत्युत्तरमा लक्ष्मीको पारी १६.१ ओभरमा ७६ रनमै समेटिन पुग्यो । लक्ष्मीका मुस्कान जैशवालले ९ रन बनाइन् । भद्रकालीका बलरहरु विशाखा महर्जन र कामना क्षेत्रीले समान ३ तथा रिया तामाङले २ विकेट लिइन् । खेलमा रिया सिपको साथी कफी क्लास प्लेयर अफ द म्याच भइन् ।

# जिसस कास्कीको सडक आश्रीत मानबमुक्त जिल्ला कार्यान्वयनका लागि समन्वय बैठक

**पोखरापत्र संवाददाता**
पोखरा, १८ बैशाख

जिल्ला समन्वय समिति कास्कीले सडक आश्रीत सहयोगापेक्षी मानवमुक्त जिल्ला कार्यान्वयनका सन्दर्भमा कास्की जिल्लास्तरिय समन्वय बैठक एबम अन्तक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।



कार्यक्रमको उद्धाटन गर्दै उप प्रमुख सरिता मालले सडक मानबमुक्त जिल्ला प्रदेश र मुलुक बनाउन सबै सरोकारवालाहरूको सामुहिक प्रयासले मात्रै संभब हुने उल्लेख गर्नुभयो । उहाँले कार्यान्वयनका लागि समन्वय बैठक आयोजना गरिएको बताउनुभयो । मालले अब कास्कीका कुनै पनि पालिकामा सडक आश्रीत मानव नहुने गरि ऊनीहरूको उद्धार, पुनर्सूथापना र उपचारका लागि उपयुक्त कानुन तथा नीति निर्माण गरि कार्यक्रम बनाउन स्थानिय तहहरूलाइ आग्रह गर्नुभयो । गाउँपालिका महासंघ गण्डकी प्रदेशका अध्यक्ष समेत रहनु भएका रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओभ्राले गण्डकी प्रदेश सरकारले नै विस २०८२ भित्र सडक मानवमुक्त प्रदेश कार्यक्रम घोषणा गरिसकेको अबस्थामा सो को प्रभाबकारी कार्यान्वयनका लागि आफुहरू हातेमालो गर्दै आबश्यक नीति निर्माण गरेर आगामी आर्थिक बर्षमा विशेष कार्यक्रम ल्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो । माछापुच्छ्रे गाउँपालिकाका अध्यक्ष मीन बहादुर गुरुङले सडक मानबमुक्त पालिका निर्माणका लागि आफ्नो पालिका प्रतिबद्धताका साथ लाग्ने उल्लेख गर्नुभयो । अन्नपूर्ण गाउँपालिकाका उपाध्यक्ष चन्द्रकला अधिकारीले हरेक नागरिकहरूको मानव अधिकारको पुर्ण प्रत्याभूति सहितको जिल्लाका लागि आफ्नो पालिकाको तर्फबाट कुनै कसुर बाकी नराख्ने उल्लेख गर्नुभयो । अधिकारीले विभिन्न कारणले सडक आश्रीत हुन बाध्य नागरिकको उद्धार, उपचार र स्थापनाका लागि प्रभाबकारीरूपले लाग्नु पर्ने उल्लेख गर्नुभयो । मानव सेवा आश्रम पोखराका कार्यक्रम प्रमुख सदिस पूनले गण्डकी प्रदेशमा सडक आश्रीत मानबको अबस्था, उद्दारमा भएका कार्यहरू सहित मानव अधिकारको क्षेत्रमा नागरिकले पाउनु पर्ने संबैधानिक तथा कानुनि ब्यबस्थाको बारेमा परिचर्चा गर्नुभएको थियो । कार्यक्रममा कास्कीका पालिकाहरूका प्रमुख, उपप्रमुख कार्यकारी अधिकृत, जिससका सदस्यहरू सहित सरोकारवाला सरकारी निकायहरूको उपस्थिति रहेको जिसस कास्कीका निमित्त कार्यालय प्रमुख सरोज आचार्यले जानकारी दिनुभयो । जिल्ला समन्वय समिति कास्कीका उपप्रमुख सरिता मालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत सदस्य राजु अधिकारी ले गर्नुभएको थियो भने संचालन रामजी प्रसाद लम्सालले गर्नुभएको थियो ।

# 'मेरो विद्यालयलाई, मेरो वार्षिक एक हजार रुपैयाँ' अभियान प्रभावकारी

**पोखरापत्र संवाददाता**
पोखरा, १८ बैशाख

कास्कीको पोखरा महानगरपालिका-२१ कृष्तिस्थित भविष्य निर्माण माविले 'मेरो विद्यालयलाई मेरो वार्षिक एक हजार रुपैयाँ' अभियान सञ्चालन गरेको छ। आर्थिक सङ्कलन गर्न विद्यालयले नयाँ अभ्यास सुरु गरेको हो ।

विद्यालयको ७१औं वार्षिकोत्सव उद्‌घाटन समारोहमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कमलकुमार भुजेलले आफू जीवित रहेसम्म विद्यालयलाई वार्षिक रु एक हजार आर्थिक सहयोग गर्ने घोषणा गर्नुभयो । सो कार्यक्रममा ५३ अभिभावक उक्त अभियानसँग जोडिनुभयो । अध्यक्ष भुजेलका अनुसार शिक्षाको उज्यालो घामबाट कुनै पनि बालबालिका वञ्चित नहुन भन्ने उद्देश्यका साथ आफ्नो गाँस काटेर पूर्खाले विद्यालयका लागि गरेको योगदानको कदर गर्दै अभियान सञ्चालन गरिएको हो । विद्यार्थीलाई समय सापेक्ष गुणस्तरीय एवम् प्रविधियुक्त शिक्षा प्रदान गर्नु अहिलेको आवश्यकता भएको उहाँको भनाइ छ । अध्यक्ष भुजेलले भन्नुभयो-"सरकारी सेवा सुविधाका भरमा मात्र विद्यालय सञ्चालन गर्न चुनौतीपूर्ण छ । एक हजार अभिभावकलाई यस कार्यक्रममा सहभागी गराएर वार्षिक रु १० लाख सङ्कलन गर्ने लक्ष्य छ ।" अभिभावकको सहयोगले विद्यालय सञ्चालन गर्न सहयोग पुगेको उहाँको भनाइ छ । विद्यार्थीको सुविधाका लागि विद्यालयले एक वर्षदेखि बस सेवा समेत सञ्चालन गर्दै आएको छ। बस सेवालाई दिगो गर्न यसै वर्षदेखि अक्षयकोषको व्यवस्था गरिएको छ। अक्षयकोषको प्राप्त ब्याजबाट बस सञ्चालन गर्न सहयोग पुग्ने उद्देश्यले सुरु गरिएको उक्त अभियानअन्तर्गत हालसम्म रु ६० लाख सङ्कलन भएको अक्षयकोष वृद्धि समितिका संयोजक झपिन्द्रराज रेग्मीले जानकारी दिनुभयो । रोजगारीका सिलसिलामा विदेशमा रहेका यस क्षेत्रका युवा एवम् विभिन्न पेसा व्यवसायमा आवद्ध स्थानीयबाट आर्थिक सयोग प्राप्त भइरहेको उहाँले बताउनुभयो ।

"अक्षय कोषमा रु एक करोड सङ्कलन गर्ने लक्ष्य छ", उहाँले भन्नुभयो । ग्रामीण क्षेत्रमा सडक पूर्वाधार निर्माणसँगै सरकारी विद्यालयमा विद्यार्थीको अभाव हुन नदिन विद्यालयले बस सेवा सञ्चालन गरेको हो । पोखराको दक्षिणी भेगमा अवस्थित सो विद्यालयसम्म आउजाउ गर्न पक्की सडक निर्माण गरिएको छ । व्यवस्थापन सङ्कायतर्फ दशजोड दुईको पढाइ भइरहेको सो विद्यालयमा हाल चार सय ५० भन्दा बढी विद्यार्थी अध्ययनरत छन् । विसं २००९ मा स्थापना भएको विद्यालयमा चार पक्की भवन छन् । कक्षा दशसम्म अग्रेजी माध्यममा पढाइ भइरहेको छ। विद्यालयमा हाल २१ शिक्षक शिक्षिका कार्यरत छन् । यसैबीच विद्यालयमा आयोजित ७१औं वार्षिकोत्सव समारोहका प्रमुख अतिथि एवम् पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जुदेवी गुरुङले विद्यालयद्वारा सञ्चालित अक्षयकोषमा रु ५१ हजार ५५ को चेक हस्तान्तरण गर्नुभयो ।

# डिजेल, मट्टितेलको मूल्य घट्यो र हवाई इन्धनको बढ्यो

**रासस**
काठमाडौं, १८ बैशाख

नेपाल आयल निगमले डिजेल र मट्टितेलको मूल्य घटाएको छ।

निगम सञ्चालक समितिको आजको बैठकले बुधबारदेखि लागू हुने गरी डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर रु दुईले घटाएको हो। निगमले डिजेल/मट्टितेलको मूल्य पहिलो वर्गका लागि प्रतिलिटर एक सय ५६ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि एक सय ५८ रुपैयाँ र तेस्रो वर्गका लागि प्रतिलिटर एक सय ५९ रुपैयाँ तोकेको छ।

इन्डियन आयल कर्पोरेसन (आइओसी)बाट आज प्राप्त नयाँ खरिद मूल्यअनुसार पेट्रोल र डिजेलको मूल्यमा प्रतिलिटर क्रमशः ०.०२ र २.४५ रुपैयाँले घटेको निगमले जनाएको छ । निगमले हवाई इन्धन (आन्तरिकतर्फ) प्रतिलिटर १ रुपैयाँ र हवाई इन्धन (अन्तर र्राष्ट्रियतर्फ) प्रतिकिलोलिटर अमेरिकी डलर ७ ले वृद्धि गरेको छ । मूल्य बढेसँगै हवाई इन्धन (आन्तरिक)को मूल्य प्रतिलिटर रु एक सय ३७ र हवाई इन्धन (अन्तर्राष्ट्रिय)को मूल्य प्रतिलिटर अमेरिकी डलर १.०४२ पुगेको छ । पेट्रोल र खाना पकाउने एलपी ग्यासको मूल्य भने यथावत राखिएको निगमका प्रवक्ता मनोज ठाकुरले जानकारी दिनुभयो ।


# एक-अर्काको ...

भएकोले मर्यादित श्रमको वातावरण निर्माण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नुपर्दछ।" विश्व मजदुर दिवसले स्वदेशी उत्पादनको प्रयोगमा जोड दिँदै श्रमको सम्मान, स्वरोजगार, उचित पारिश्रमिक एवं सामाजिक सुरक्षालगायतका श्रमिक अधिकारलाई सुनिश्चित गर्नेतर्फ अग्रसर हुन प्रेरणा मिल्ने विश्वास पनि उहाँले व्यक्त गर्नुभयो । श्रमिकको पेसागत मर्यादा र सम्मानको प्रत्याभूति गराउन र उनीहरूको हक, अधिकार स्थापित भएको दिनको रूपमा प्रत्येक वर्ष मे १ तारिखमा यो दिवस मनाइन्छ। यस वर्ष 'मर्यादित काम, श्रमिकको सम्मान, हाम्रो अभियान' भन्ने नाराकासाथ एक सय ३५ औं विश्व मजदुर दिवस मनाइँदैछ। यस दिवसले श्रमिकको हक, हित, अधिकार तथा स्वतन्त्रताको रक्षार्थ विश्वभरिका सम्पूर्ण श्रमजीवीलाई एकताको सूत्रमा बाँध्न सहयोग पुग्ने राष्ट्रपति पौडेलले विश्वास व्यक्त गर्नुभएको छ।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# श्रमिकले गरेको संघर्षलाई नभुलौं

विश्वभरका मजदुरहरुले गरेको सर्घषको इतिहासलाई सम्झेर मे दिवस मनाइने गरिएको छ। १३४बर्ष पहिला मे १ तारिकका दिन संसार निर्माण गर्ने श्रमिक वर्गले संघर्ष, एकता र वीरताको प्रदर्शन गरेका थिए। आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जन लगायतका माग सहित अमेरिकाको शिकागो शहरमा मजदुरहरुले वलिदानी संघर्ष गरेका थिए। त्यही संघर्षले सफलता हासिल गरेका हुँदा मे १ लाई अन्तर्राष्ट्रिय श्रमिक दिवसको रुपमा मनाउन थालिएको हो। मे १ मा संसारभरका मजदुरहरुले आफ्ना अधिकार प्राप्तिको लडाइको स्मरण गर्दै आएका छन्। मजदुरले त्यो अधिकार प्राप्त गर्न थुप्रै मजदुरहरुले आफ्नो रगत पसिना बगाएका छन्। त्याग र बलिदानकै प्रतिफल अहिलेको अवस्थामा मजदुरहरुले थप अधिकारका लागि संघर्ष गर्ने माहोल बन्दै गएको छ।

निरंकुश शासनकालमा मजदुरहरुले आफ्ना माग सुनाउन पनि सक्ने अवस्था थिएन। नेपालका श्रमिकहरुले मे १ का दिन लड्दै आएको गौरवपूर्ण इतिहास छ। लोकतन्त्र पछि मे १ का दिन सार्वजनिक विदा दिने अवस्था मजदुरहरुले गरेको आन्दोलनको प्रतिफल हो। नेपालमा निरंकुशतन्त्रको अन्त्य भइ लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ। नेपालमा विसं २००३ मा मजदुर हरूले विराटनगरको जुट मिलबाट सुरु गरेको मजदुर आन्दोलनले अन्ततः जहानियाँ राणाशासनलाई घुँडा टेकायो। २००७ सालको प्रजातन्त्र स्थापनापछि पञ्चायती शासन व्यवस्थाको अन्त्य गर्दा होस् या दश वर्षे सशस्त्र जनयुद्ध वा २०६२/०६३ को जनआन्दोलन गर्दा होस्, नेपालका सबै राजनीतिक परिवर्तनहरूमा नेपाली श्रमिकहरूले गरेको योगदान महत्वपूर्ण छ।

नेपालमा २०४६ सालपछि मात्र आफ्नो उचाइ लिएको ट्रेड युनियन आन्दोलनले २०७२ को संविधानको धारा ३४ मा श्रमको हकलाई मौलिक हकको रूपमा स्थापित गरेपछि कानुनी रूपमा श्रमिकका आवाजहरू थप व्यवस्थित भएको देखिन्छ। उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाई संविधानले सुनिश्चित गरेको छ। प्रत्येक श्रमिकलाई श्रम अभ्यासको हक हुने, ट्रेड युनियन खोल्ने र त्यसमा सहभागी हुने तथा सामूहिक सौदावाजी गर्न पाउने व्यवस्थालाई संविधानले आत्मसात् गरेको छ। श्रमिकका हक, हित र सुविधालाई व्यवस्था गर्न, श्रमिक र रोजगारदाताको अधिकार र कर्तव्यको स्पष्ट व्यवस्था गरी असल श्रम सम्बन्धको विकास गर्न र श्रम शोषणका सबै अवशेषको अन्त्य गर्न श्रम ऐन, २०७४ जारी गरी लागूसमेत गरिएको छ।

श्रमिकको व्यावसायिक तथा पेसागत हक हितलाई संरक्षण र संवर्द्धन गर्न ट्रेड युनियन ऐन, २०४९ लागू गरिएको छ। निजामती सेवा ऐन २०४९ ले पनि ट्रेड युनियनको अधिकारलाई कानुनी रूपमा थप संस्थागत गरेको छ। कर्मचारीहरूको पेसागत हक हित र सुरक्षाका लागि आधिकारिक ट्रेड युनियन खडा गरिएको छ। आइएलओ महासन्धिलाई नेपालले अनुमोदन गरेको छ। केपी शर्मा ओली नेतृत्वको सरकारले सामाजिक सुरक्षाको लागि केही नयाँ कार्यक्रम ल्याएको थियो। मजदुरको दीर्घकालीन हित हेरेर संस्थागत रूपमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रबन्ध गरिएको हो। सरकारले सामाजिक सुरक्षा योजना कार्यान्वयन गरेको छ। यसमा सहभागी हुने श्रमिकले अब उप्रान्त औषधोपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना, दुर्घटना र अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र वृद्ध अवस्था सुरक्षा योजनाअन्तर्गत आर्थिक सहायता प्राप्त गर्नेछन्। यतिखेर देशको आर्थिक व स्थिति कमजोर छ। रोजगारी र जीविकामा परेको क्षति अभूतपूर्व हुने देखिन्छ। मुखले मजदुरको कुरा गर्ने व्यबहार मजदुरको अहित गर्ने खालको छावर्गीय पक्षधरता हराउँदै दलाल र विचौलीयाको लागि काम गर्नेको बोलवाला छायसपालि अन्तर्राष्ट्रिय मजदुर दिवस मनाइरहदा विश्वभरिका मजदुरहरूले रोजगारी गुमाउने,महंगीको मार खेप्नुपरेको छ। मजदुर मध्ये पनि सङ्गठित वा अनौपचारिक क्षेत्रमा काम गर्ने दैनिक ज्यालादारी, निर्माण क्षेत्रका श्रमिक तथा साना व्यापारमा समाहित कामदारहरू सबैभन्दा धेरै मर्कामा पर्ने देखिएको छ।

आइएलओको आँकडाअनुसार विश्वका डेढ अर्बभन्दा धेरै त्यस्ता मजदुरको रोजगारी जोखिममा परेको छ। कुनै वैकल्पिक आम्दानीको अभावमा यी मजदुर र तिनका परिवारको जीविका सङ्कटमा पर्नेछ। नेपालमा पनि लाखौँ मानिस सङ्गठित क्षेत्रमा काम गर्छन्। विश्वमा त्यस्ता धेरै श्रमिक छन् जो साँझ खान र बस्नको निमित्त मात्रै आफ्नो भरदिन श्रममा खर्चिरहेका हुन्छन्। यही चुनौतीपूर्ण परिस्थिति आज नेपालले पनि व्यहोरिरहेको छ। सामाजिक सुरक्षा कार्यक्रम, वैदेशिक रोजगारीमा गएकालाई सामाजिक सुरक्षामा जोड्ने , असंगठित क्षेत्रका मजदुरको स्वास्थ्य र सुरक्षामा ध्यान दिनुपर्छ।चुनावको बेला मजदुरको कुरा गर्ने सरकारमा रहँदा कार्यान्वयन नगर्ने प्रबृत्ति छ।नेपालको अर्थतन्त्र विदेशमा काम गर्नेछ श्रमिकले पठाएको रेमिट्यान्सले योगदान पुर्‍याएको छातिनको कारण देश जेनतेन चलेको छ। वैदेशिक रोजगारीमा गएका श्रमिकको अधिकारको पक्षमा पैरवी र संबंधित देशसंग सामाजिक सुरक्षा र श्रम अधिकारका लागि सार्थक पहल अहिलेको खाँचो हो।श्रमिक दिवसले सबैलाई यश विषयमा गम्भीरतापूर्वक सोच्न प्रेरित गरोस् १३५ औ मइ दिवसको शुभकामना।

# म्याग्दीको अन्नपूर्णमा तीन खानेपानी आयोजना निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, १८ बैशाख

गोर्खा वेल्फेयर ट्रष्टको सहयोगमा जिल्लाको अन्नपूर्ण गाउँपालिकामा तीनवटा खानेपानी आयोजना निर्माण भएका छन्। यो पालिकाको -६ खिवाङ, वडा नं ४ को छेम्दी र वडा नं ३ को काभ्रेमा रु दुई करोड ३३ लाखको लागतमा ती आयोजना सम्पन्न भएका हुन्।

ट्रष्टका इन्जिनियर लीला शेरचनकाअनुसार सम्पन्न आयोजना उपभोक्तालाई हस्तान्तरण गरिएको छ। आयोजनाको दिगो सञ्चालन र पानीको मितव्ययी प्रयोग गर्न निजी धारामा मिटर जडान गरिएको छ। गत वर्ष वडा नं ३ को दानाबजार, दुवारी र वडा नं ४ को पटारमा खानेपानी आयोजना निर्माण भएको थियो।

आगामी वर्ष वडा नं ४ नारच्याङको बैंसी र लेकगाउँमा ट्रष्टको रु एक करोड १५ लाख सहयोग र उपभोक्ताको श्रमदानसहित रु दुई करोड ४१ लाखको लागतमा दुईवटा खानेपानी आयोजना निर्माणको तयारी भएको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो।

ट्रष्टको सहयोगमा ५१ जिल्लामा निर्माण भएका दुई हजार तीन सय ८० खानेपानी आयोजनाबाट ६३ हजार घरपरिवार लाभान्वित भएका जनाइएको छ।

# 'अशक्त र असहायको उपचारका लागि घरघरमा डक्टर कार्यक्रम'

**पोखरापत्र संवाददाता**
गोरखा, १८ बैशाख

गोरखाको गण्डकी गाउँपालिकाले पालिकाभित्रका ज्येष्ठ नागरिक, अशक्त तथा असहायका लागि 'घरघरमा डक्टर कार्यक्रम' सञ्चालन गरेको छ।

उक्त पालिकाको स्वास्थ्य शाखाप्रमुख कुमार सुनारका अनुसार अशक्त, अपाङ्गता भएका तथा ज्येष्ठ नागरिक उपचारका लागि नियमित रूपमा स्वास्थ्य संस्था पुग्न कठिन हुने भएकाले उक्त कार्यक्रम सञ्चालन गरिएको हो। कार्यक्रममार्फत गाउँपालिकाले उपलब्ध गराउँदै आएको नियमित स्वास्थ्य जाँचको सुविधाले पालिकाभित्रका दीर्घरोगीको समयमा समस्याको पहिचान हुने र सम्भावित जोखिम घटाउन सजिलो भएको छ। घरघरमा स्वास्थ्य परीक्षण गर्न पुग्ने स्वास्थ्यकर्मीले उच्च रक्तचाप, मधुमेहलगायत समस्याबाट पीडित भएकाको परीक्षणका गर्नुका साथै दीर्घरोगीको स्वास्थ्य अवस्थाबारेमा जानकारी लिने गरेका छन्। गाउँपालिकाले प्रत्येक स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य एकाइबाट चिकित्सकबाट उपचार सेवा उपलब्ध गराउँदै आएको छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ११ पाडेथोक तेस्रोबाटो देखि चतुरे वि.क. को घरसम्म सडक स्तरोन्नती निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः पाडेथोक तेस्रोबाटोदेखि चतुरे वि.क.को घरसम्म सडक स्तरोन्नती
ठेगानाः पोखरा-११, फूलबारी
योजना सम्झौता मितिः २०८०/१२/२१ गते
योजना शुरु हुने मितिः २०८०/१२/२२ गते
योजना सम्पन्न मितिः २०८१/०१/११ गते
योजनाको कुल लागतः रु. ३,४७,७७१/५०
पोमनपा वडा नं. ११ बाटः रु.३,११,७७१ /-
जनसहभागिताबाटः रु.३६,०००/-
उपभोक्ता समिति अध्यक्षः गिरधारी बराल
उपभोक्त सदस्य संख्याः ७ जना महिलाः २ पुरुषः ५ जना

**पाडेथोक तेस्रोबाटोदेखि चतुरे वि.क.को घरसम्म सडक स्तरोन्नती उपभोक्ता समिति पोखरा-११, फूलबारी**


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : कार्यमा सफलता |
| वृष | : मानसिक तनाब | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : झमेला बढ्ने | मीन | : सत्कार मिल्नेछ |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# व्यासमा सडक स्तरोन्नतिको सम्झौता

**पोखरापत्र संवाददाता**
दमौली, १८ बैशाख

जिल्लाको व्यास नगरपालिकाका चार वडा जोड्ने सडक स्तरोन्नतिका लागि सम्झौताभएकोछ।नगरपालिकाले निर्माण व्यवसायीसँग पराशरमार्ग स्तरोन्नतिका लागि सोमबार सम्झौता गरेको हो।

विश्व बैंकको ऋण सहयोगमा सहरी शासकीय तथा पूर्वाधार विकास आयोजनाअन्तर्गत व्यास नगरपालिका-७, ९, १० र ११ जोड्ने उक्त मार्ग कालोपत्रका निम्ति सम्झौता गरी काम अगाडि बढाइएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गङ्गालाल सुवेदीले जानकारी दिनुभयो। उक्त सडकले बुल्दीखोला, बेल्टारी, फराकचौर, अधेरीभञ्ज्याङ, पोखेलफाँट, कुमालगाउँ, समता स्कुल, कलेस्तीलगायत स्थान जोड्छ। दश दशमलगव ५५ किलोमिटर उक्त सडकखण्डमा कालोपत्र, नाला तथा अन्य संरचना निर्माण गरिने छ। सडक स्तरोन्नतिका लागि रु ४० करोड ८३ लाख ३५ हजार नौ सय २१ मा निर्माण कम्पनी बिकेएचटिडिसिएल एसिपिएलसँग सम्झौता भएको छ। दमौली बजार क्षेत्रका घरटहरा हटाउन सम्बन्धित पक्षले आनाकानी गर्दा मुग्लिन-पोखरा सडक विस्तारमा समस्या भएको छ। धुलोले बजार क्षेत्रमा हिँडडुल गर्न समस्या भएको छ। आँबुखैरेनीदेखि जामुने (पूर्वी खण्ड)सम्मको विस्तारमा व्यास नगरपालिकाअन्तर्गत वडा नं २, ३ र ४ को पूर्वमा बुल्दीखोला र पश्चिममा मादी पुलसम्मको खण्डमा निर्माणले गति लिनसकेको छैन। वडा नं ४ का २१ र वडा नं २ का १९ घरधनीले मुआब्जा लिएर संरचना नहटाएका व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले बताउनुभयो। उहाँले भन्नुभयो, "कतिपय मुआब्जाका लागि आवेदन गर्न आएका छैनन्।"

# डढेलो नियन्त्रणका लागि समुदायस्तरमा सचेतना

**पोखरापत्र संवाददाता**
दमौली, १८ बैशाख

बन्दीपुर गाउँपालिकामा समुदायस्तरमाडढेलोनियन्त्रणसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ। पछिल्लो समय जिल्लाभर डढेलोको प्रकोप बढ्दै गएकाले नियन्त्रणका लागि समुदायस्तरसम्म पुगेर सर्वसाधारणलाई सचेतना प्रदान गर्न थालिएको हो।

बन्दीपुर गाउँपालिकाले सोमबार पौवामा डढेलो नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम गरेको छ। डढेलो लगाउने क्रम बढेकाले यसलाई नियन्त्रणका लागि स्थानीयवासी चनाखो बन्नुपर्ने गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले बताउनुभयो। त्यसक्रममा उहाँले डढेलोले पुर्‍याउने क्षति, नियन्त्रणमा स्थानीयले खेल्नुपर्ने भूमिकाका बारेमा जानकारी गराउनुभएको छ। सोही कार्यक्रममा नेपाली सेनाको रुरु भैरव दल गणका गणपति प्रमुख सेनानी हिमाचल जङ शाहले हरियो वन नेपालको धन भन्ने भनाइलाई सबैले आत्मसाथ गर्नुपर्ने बताउँदै वन्यजन्तु र रुखबिरुवाको माया गर्नुपर्ने उल्लेख गर्नुभयो। इलाका प्रहरी कार्यालय बन्दीपुरका प्रहरी निरीक्षक कमल पोखेलले डढेलोका बेला अपनाउनुपर्ने सावधानी र डढेलो लगाउनेलाई हुने कानुनी कारवाहीको व्यवस्थामा बारेमा जानकारी गराउनुभयो।

उक्त वडाको थानीमाइमा डढेलोका कारण आठ सय बिरुवा नष्ट भएको स्थानीयवासी सनदकुमार श्रेष्ठले बताउनुभयो। जिल्लामा चालु आर्थिक वर्षमा एक सय १७ हेक्टर क्षेत्रफलमा डढेलो लागेको छ। डिभिजन वन कार्यालय तनहुँका अनुसार हालसम्म २३ सामुदायिक वनमा डढेलो लागेको छ। डिभिजन वन कार्यालयका सूचना अधिकारी राजकुमार श्रेष्ठका अनुसार व्यास नगरपालिकास्थित साउनेपानी, बन्दीपुरस्थित पुरानकोट, ऋषिङस्थित जलुके कदमपानी, शुक्लागण्डकीस्थित सिमलचौर, देवघाटस्थित सोलीघोप्टे, साँढेबगर, म्याग्देस्थित मडुवा, व्यासस्थित सुन्दर, ठूलो, म्याग्देस्थित सिद्धबतासन सामुदायिक वनमा डढेलो लागेको छ।

यस्तै म्याग्देस्थित बाङ्गेसाल, जुरेथुम्की, व्यासस्थित सिद्धबराह, द्रुपता, भण्डारीपाखा, मुरलीभञ्ज्याङ, घिरिङस्थित जनकल्याण, भिमादस्थित शिवशक्ति, ऋषिङस्थित गुम्लेक, ज्वालादेवी र बन्दीपुरस्थित पुरानोकोट सामुदायिक वनमा आगलागी भएको छ। डढेलो नलगाउनका लागि सचेतनामूलक कार्यक्रम, प्रचारप्रसार गरिएपनि नियन्त्रणमा ल्याउन नसकिएको श्रेष्ठले बताउनुभयो। उहाँले भन्नुभयो, "डढेलो नियन्त्रणका लागि उपभोक्ता समूह, सामुदायिक वन उपभोक्ता महासङ्घ लगायतलाई आग्रह गर्दै आएका छौ, तर स्वयं व्यक्ति सचेत नभएसम्म यसलाई पूर्णरूपमा रोकथाम गर्न सकिएको छैन।" उहाँका अनुसार सर्वसाधारणले घर नजिकैको पातपतिङ्गर सफा गर्न डढेलो लगाइदिने र सोही डढेलो वन क्षेत्रमा सल्किने गरेको छ। जिल्लाको ८२ हजार ५ सय ४९ हेक्टर क्षेत्रफल वनले ओगटेको छ। जिल्लाका दश वटा स्थानीय तहमा ६ सय १६ सामुदायिक वन, चार सय ८५ कबुलियती वन, ६ धार्मिक वन छन्। डढेलोबाट भुइँमा झरेको रुखको बीउ डढेर उम्रन नपाउने, लाथ्रा अवस्थाको वनमा डढेलो लागेमा रुखमा धोद्रो हुने, डढेलोले वनमा भएको जैविक विविधतामा ह्रास आउने, वन्यजन्तुको वासस्थान विनाश भई त्यसको संरक्षण र विकासमा बाधा पुग्ने र वनमा लागेको आगो नजिकको गाउँघरमा सरी धनजनको क्षति हुने जोखिम बढ्ने बताइन्छ।


## मालपोत कार्यालय लेखनाथ कास्कीबाट जारी भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं ३२ निवासी स्व. धन बहादुर गुरुङकी बुहारी स्व. जीत बहादुर गुरुङको श्रीमती मिरु गुरुङको द.नं. ५०४९ मिति २०८०/१/१३ को छुट जग्गा दर्ता नामसारी गरिपाउँ माग निवेदनमा कास्की जिल्ला साविक नयाँ कास्की मौजे जि.मु. चन्द्र सी गुरुङको अमर बहादुरको कृष्ण बहादुर जिम्मा, द.नं. २५ धन बहादुर गुरुङको नाममा १९९५ सालको पाखो तर्फ मोठ उतार रहेको सर्वे नापीका समय (२०३२/११/१५) मा भोटे पोखरी गा.वि.स. वडा नं ३ को कि.नं ७४ क्षे.फ. ३-१२-२-३ बिरहमा मकै दोयम जनिएका फिल्डबुकमा जग्गा धनी धन बहादुर गुरुङ (पंचायत भोटेपोखरी-२, बाबु, बाजे महल खाली) उल्लेख भएको, धन बहादुर गुरंबाट तिरो तिरी भोग चलन गर्दै आएकोमा धन बहादुर गुरुङ, निजकी श्रीमती र एकमात्र सन्तान जित बहादुर गुरुङको मृत्यु भएकाले हकवाला एकमात्र बुहारी मिरु गुरुङका नाममा एकलौटी छुट जग्गा दर्ता नामसारी गरिपाउँ भनि निवेदन प्राप्त भएकाले तिरोका धन बहादुर गुरुं र लगत, फिल्डबुकका धन बहादुर गुरुङ फरक व्यक्ति भएमा वा मिरु गुरुङ र दारुमाया फरक फरक व्यक्ति भएमा वा उक्त जग्गामा यस अघि अन्य कसैले कारबाही चलाएको भएमा वा निवेदकको माग बमोजिम दर्ता गर्न नहुने कुनै कारण भएमा वा उक्त जग्गामा अन्य कसैको हक लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र प्रमाण सहित उजुरी गर्न आउनुहोला अन्यथा कानुन बमोजिम छुट जग्गा दर्ता नामसारी भैजाने व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

इति सम्बत् २०८१ साल वैशाख १८ गते रोज ३ शुभम्
नेपाल सम्बत् ११४४ चैलाथ्व ७ मंगलबार



गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन,उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८१/०१/१८

यस कार्यालयबाट मिति २०७७/०९/०३ मा कास्की जिल्ला पोखरा २४ कास्कीमा संचालन गर्ने गरि २४ कास्की निवासी भीम प्रसाद सुवेदीको नाउँमा दर्ता भएको फर्म दर्ता नं. १८५२०/०७७/०७८ (२३६४) को चिसापानी माछा तथा पशुपालन कृषि फर्म नामक प्राईभेट फर्मको मिति २०८१/०१/१८ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**

# पर्वतको थापाठानाका छ सय घरपरिवारलाई विद्युतीय चुल्हो वितरण

**पोखरापत्र संवाददाता**
पर्वत, १८ बैशाख

फलेवास नगरपालिका-२ थापाठानाका छ सय घरपरिवारलाई विद्युतीय चुल्हो (इन्डक्सन) वितरण गरिएको छ।

प्रदूषणरहित भान्छा र धुवाँरहित गाउँघरको विकासका लागि रोटरी क्लब अफ पोखरा फिस्टेलको सहयोगमा वडाका सबै घरधुरीलाई विद्युतीय चुल्हो वितरण गरिएको हो । थापाठानामा सात सय घरधुरी रहेका छन् । तीमध्ये झन्डै एक सय घरधुरी बसाइँसराइलगायत कारणले खाली छन् ।

मानिसको नियमित बसोबास रहेका सबै घरपरिवारलाई एक/एक थान इन्डक्सन चुल्हो वितरण गरिएको फलेवास-२ थापाठानाका वडाध्यक्ष गङ्गानारायण श्रेष्ठले जानकारी दिनुभयो । ग्रामीण सामुदायिक विद्युतीकरण उपभोक्ता समितिको आयोजनामा भएको एक कार्यक्रमबीच रोटरी क्लब अफ पोखरा फिस्टेललगायत संस्थाको सहयोगमा विद्युतीय चुल्हो वितरण गरिएको हो । सबै घरधुरीलाई विद्युतीय चुल्हो वितरण गरिएसँगै वडा नं २ लाई प्रदूषण मुक्त भान्छासहितको वडा घोषणासमेत गरिएको छ। सामाजिक सेवामा सक्रिय रोटरी क्लबले विविध शिक्षा, स्वास्थ्य र वातावरणको क्षेत्रमा काम गर्ने सिलसिलामा थापाठाना गाउँमा विद्युतीय चुल्हो वितरण गरेको रोटरी क्लब अफ पोखरा फिस्टेलका डिष्ट्रिक गभर्नर नोमिनी विनोद कोइरालाले जानकारी दिनुभयो। उहाँले विभिन्न पाँच चरणमा विद्युतीय चुल्हो वितरण गरिएको बताउनुभयो । चुल्होसँगै यसमा प्रयोग गर्न मिल्ने भाँडा पनि वितरण गरिएको हो । चुल्होसहित अन्य भान्छामा प्रयोग हुने सामग्री प्रतिपरिवारलाई रु १० हजार बराबर वितरण गरिएको कोइरालाले बताउनुभयो । झन्डै रु ६० लाख मूल्य बराबरको लागतमा चुल्होसहितका सामग्री वितरण गरिएको हो । यो वडामा रहेका सात सय घरपरिवारमध्ये त्यहाँ निरन्तर बसोबास गर्ने छ सयजनालाई प्राथमिकतामा पारेर चुल्हो वितरण गरिएको उहाँको भनाइ छ । यो चुल्होको प्रयोगले गृहिणीहरूको स्वास्थ्य अवस्थामा सुधार आउनाका साथै गाउँ पनि पूर्ण रूपमा स्वच्छ हुने अपेक्षा गरिएको छ। त्यसैगरी, बढ्दो वन विनाश रोकिनाका साथै विद्युत्को खपतसमेत बढ्ने भएको छ । चुल्हो वितरण कार्यक्रमसँगै वडा नं २ लाई प्रदूषणमुक्त घोषणा गर्दै नगरप्रमुख गङ्गाधर तिवारीले वडालाई प्रदूषणमुक्त वडा घोषणा गर्न सहयोग गरेकामा रोटरी क्लब अफ पोखरा फिस्टेललगायत दाताहरूको प्रशंसा गर्नुभयो। उहाँले चुल्हो वितरण भएपछि अब गाउँ प्रदूषणमुक्त हुने र खासगरी भान्छाको काम गर्ने महिलाको स्वास्थ्य राम्रो हुँदै जाने विश्वास व्यक्त गर्नुभयो। आफूले पाएको चुल्होलाई भरपुर रूपमा प्रयोग गर्न उहाँको आग्रह छ । ग्रामीण सामुदायिक विद्युतीकरण उपभोक्ता समितिका अध्यक्ष रामहरि श्रेष्ठले प्रदूषणमुक्त समाजको स्थापना गर्नका लागि रोटरी क्लबले थालेको अभियानमा सहयोग गर्न आग्रह गर्नुभयो। उहाँले विद्युतीय चुल्होको भरपुर उपभोग गर्नसमेत आग्रह गर्नुभयो । प्रसिद्ध धार्मिक एवं पर्यटकीय स्थल डहरेदेउरालीको काखमा रहेको थापाठानामा सञ्चालित घरबास सेवा प्रभावकारी बन्दै गएको छ। स्वच्छ र हराभरा वातावरणले घरबासमा आउने पाहुनाको आकर्षण पनि बढ्ने भएकाले विद्युतीय चुल्होले थप टेवा पुग्ने नगर उपप्रमुख शोभाकुमारी क्षेत्रीले बताउनुभयो।

# खडेरी र अम्लियपनाका कारण तरकारी र मकै बालीमा रोग कीराको प्रकोप

**पोखरापत्र संवाददाता**
म्याग्दी, १८ बैशाख

पाँच महिनादेखिको खडेरी, माटोमा अम्लियपनाको वृद्धि र वनजङ्गलमा लागेको डढेलोका कारण वायु प्रदूषण बढ्दा म्याग्दीका किसानले लगाएको तरकारी, फलफूल र मकै बालीमा रोग र कीराको प्रकोप देखिएको छ।

लामो समयको खडेरीका कारण गहुँ बालीमा क्षति व्यहोरेका यहाँका किसान मकै बालीमा फौजी कीरा र तरकारी तथा फलफूल खेतीमा औँसालगायत रोग देखिएपछि चिन्तित बनेका हुन्। यहाँका किसानले लगाएको फलफूलमा औँसा, केरामा खपटे गबारो र मकैबालीमा फौजी कीराको प्रकोप देखिएको स्थानीय तहका कृषि प्राविधिकले बताएका छन्। अत्यधिक रासायनिक मलको प्रयोगका कारण ग्रामीण क्षेत्रका खेतबारीको माटोमा अम्लियपना वृद्धि हुँदा तरकारी, फलफूल र खाद्यान्न बालीमा रोग कीराको प्रकोप बढेको कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ। फूल फुलेर बतिला लाग्न थालेका सुन्तलाबारीभरि फलेका काँक्रा, घिरौँला, गोलभैँडालगायत औँसा, घोगा लाग्न थालेका मकैमा फौजी कीरा र केरा खेतीमा खपटे रोगको प्रकोप देखिएपछि किसान चिन्तित बनेका कृषि प्राविधिकको भनाइ रहेको छ। प्राय : फल पाकेर टिप्ने बेलामा देखिने औँसा कीराको सङ्क्रमण बतिलामै देखिएपछि किसान उत्पादन घट्नेमा चिन्तित छन्।

किसानले लगाएको काँक्रा र पाक्न लागेका आरु, आरुपखडामा पनि औँसा कीराको व्यापक सङ्क्रमण भेटिएको छ। मकैबालीमा अमेरिकन फौजी कीरा र गोलभैँडामा सेतो ढुसीको समस्या देखिएको म्याग्दीका अगुवा किसान चन्द्रबहादुर कार्कीले जानकारी दिनुभयो। कीराको सङ्क्रणलाई प्रकोपका रूपमा फैलिन नदिन किसानलाई सचेत गराइएको कृषि प्राविधिकले बताएका छन् । कृषि ज्ञान केन्द्र म्याग्दीले सिफारिस गरेका मकैको जातका आधारमा सोहीअनुसारको उपचार विधि र विषादी किसानलाई उपलब्ध गराइएको ज्ञान केन्द्रले जनाएको छ । यसैगरी, गोलभैँडामा लागेको डढुवाको समस्याले व्यावसायिक किसान मर्कामा परेको मालिका गाउँपालिका-६ उपल्लो दरवाङका किसान सुजन पौडेलले बताउनुभयो । म्याग्दी जिल्लामा किसानले लगाएको मकै बालीमा फौजी कीराले क्षति पुऱ्याएको छ । जिल्लाको ज्यामरुककोट, बाबियाचौर, अर्मन, रत्नेचौरलगायत क्षेत्रका किसानले लगाएको मकै बालीमा फौजी कीराको प्रकोप बढेको हो। घोवा हाल्न लागेका मकैका बोटमा फौजी कीराको आक्रमण बढी भएकाले बोट नै सकिन थालेको बेनी नगरपालिका-२ का किसान भीमबहादुर रिजालले बताउनुभयो। उहाँका अनुसार विषादीले समेत फौजी कीराको आक्रमण रोकिन सकेको छैन। बगरफाँट, खबरा, भकिम्ली, बाबियाचौरलगायत स्थानका किसानले लगाएका सयौँ रोपनीको मकैबालीमा फौजी कीराको प्रकोप बढेको कृषि प्राविधिकले बताएका छन्।

मङ्गला गाउँपालिकाका कृषि प्राविधिकजगत् बानियाँले रोग र कीराको प्रकोपबाट यस क्षेत्रका किसानले हैरानी व्यहोर्न परेको बताउनुभयो । फौजी कीराको प्रकोप नियन्त्रण गर्न किसानलाई प्राविधिक सेवा र विषादी निःशुल्क उपलब्ध गराउँदै आएको उहाँले बताउनुभयो।


# निक्षेप उपरको हकदावी सम्वन्धी ३५ दिने सूचना

**(प्रकाशित मितिः २०८१/०१/१९)**

श्री चन्द्र बहादुर बस्नेतकी नातिनी, श्री शिव बहादुर बस्नेतकी छोरी, कास्की जिल्ला लेखनाथ न.पा वडा नं.१३ स्थायी ठेगाना भई कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ३२ बस्ने ना.प्र.नं. १६९६०२, (कास्की) भएको सुश्री तृप्ति बस्नेतको नाममा यस विकास बैंकको तल्लो गगनगौडा, पोखरा, कास्की शाखा कार्यालयमा बचत खाता नं. ०३९०१७००६७४७६९००००01 र ०३९११५००६७४७६९०००००२ रहेकोमा निजको मिति २०८०/१२/१७ मा मृत्यु भएको र निज मृतक तृप्ति बस्नेतको नाममा यस विकास बैंकमा रहेको माथि उल्लिखित खाताको रकम भुक्तानीको माग गर्दै कास्की जिल्ला लेखनाथ न.पा. वडा नं. १३ स्थायी ठेगाना भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ३२ बस्ने मृतक तृप्ति बस्नेतकी आमा नाता पर्ने श्रीमती बिमला कुमारी थापा (बस्नेत) ले मृतकको मृत्युदर्ता प्रमाण-पत्र (दर्ता नं. २०४४०८२७०२९१७-२) र अन्य आवश्यक कागजात सहित यस विकास बैंकमा निवेदन पेश गर्नु भएकोले उक्त रकममा अन्य कसैको हकदावी लाग्ने भए सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र विकास बैंकमा आवश्यक सबुत प्रमाणका कागजात सहित निवेदन दिनुहुन अनुरोध छ । अन्यथा तोकिएको समयभित्र निवेदन पेश नभएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदिका श्रीमती बिमला कुमारी थापा (बस्नेत) लाई उल्लिखित व्यक्तिको खाताको रकम भुक्तानी भैजाने व्यहोराको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

"Access to All"
गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited


# पोखरा स्पोर्ट्स अवार्डलाई सिटिजन फर्निचरले सघाउने

**पोखरापत्र संवाददाता**
पोखरा, १८ बैशाख



आठौं संस्करणको 'पोखरा स्पोर्ट्स अवार्ड २०८०' लाई सिटिजन फर्निचरले सघाउने भएको छ।

नेपाल खेलकुद पत्रकार गण्डकी प्रदेशले यहि बैशाख २८ गते पोखरा सभागृहमा आयोजना गर्ने पोखरा स्पोर्टस अवार्ड-२०८० 'लाई यस वर्षपनि पोखराको न्यूरोडस्थित सिटिजन फर्निचरले सघाउने भएको हो । मंगलबार सिटिजन फर्निचरका सञ्चालक दीपक कार्की र मञ्चका अध्यक्ष दीननाथ बरालबिच अवार्डलाई ५० हजार रुपैयाँ सहयोग गर्नेबारे समझदारीपत्रमा हस्ताक्षर भएको छ । सिटिजन फर्निचरले तेस्रो मुलकुबाट आयातित अत्याधुनिक आकर्षक घरायसी तथा अफिसियल फर्निचर र फर्निसिङका सामान विक्रि गर्दै आएको छ।

यसैगरि मंगलबारनै नेपाली महिला राष्ट्रिय भलिबल टोलीका पूर्व उपकप्तान मञ्जु गुरुङले उक्त अवार्डलाई नगद रु २५ हजार सहयोग गर्ने घोषणा गरेकी छन्। मञ्चले आयोजना गर्ने उक्त अवार्डले खेलाडी र यस क्षेत्रमा लाग्नेहरुका लागि प्रोहोत्साहन हुने बताउँदै आफुले सहयोग घोषणा गरेको उनले बताइन् । प्रथम पोखरा स्पोर्टस् अवार्ड-२०७२ मा वर्ष उत्कृष्ट खेलाडी (महिला) तर्फकी विजेतासमेत गुरुङ हाल हङकङमा छिन् । कास्कीकी गुरुङले पोखराको ज्ञानु बाबा आवासिय मा.वि.बाट भलिबल खेलको शुरुवात गरेकी थिइन्। अवार्डको मिति नजिकिदै गर्दा सहयोगी संघसंस्था तथा मनहरु जोडिने क्रममा जारी रहेको मञ्चका कोषाध्यक्ष तथा आर्थिक व्यवस्थापन उपसमिति संयोजक कविता घर्तिमगरले जानकरा दिइन् । मञ्चले सोमबारमात्रै अवार्ड अर्न्तगत वर्ष सर्वोत्कृष्ट खेलाडी पुरुष र महिला, वर्ष उदीयमान वर्ष खेलाडी र वर्ष उत्कृष्ट प्रशिक्षक विधाका नोमिनेसनमा पर्न सफल ३/३ जना खेलाडीको नाम सार्वजनिक गरिसकेको छ। मञ्चले वार्षिक रुपमा आयोजना गर्ने पोखरा स्पोर्टस अवार्डमा ७ विधामा अवार्ड वितरण गर्दै आएको छ। बाँकी ३ विधा लाईफटाईम अचिभमेन्ट अवार्ड, वर्ष उत्कृष्ट खेल पत्रकार अवाड र वर्ष उत्कृष्ट खेल संघ अवार्डको छनौट केहि दिनपछि गरेर सार्वजनिक गरिने मञ्चका महासचिव राजाराम पौडेलले जानकारी दिए। मञ्चले बैशाख २८ गते पोखरा सभागृहमा पोखरा स्पोर्टस अवार्ड-२०७८ आयोजना गर्दैछ। जहाँ सर्वोत्कृष्ट पुरुष र महिला, वर्ष उदीयमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, लाईफटाईम अचिभमेन्ट अवार्ड र वर्ष उत्कृष्ट खेल पत्रकार विधामा अवार्ड वितरण गरिनेछ।

मञ्चले सर्वोत्कृष्ट महिला र पुरुष विधामा अवार्ड प्राप्त गर्नेलाई अवार्डसँगै एक/एक थान टेलजी ईलेक्ट्रिक स्कुटर प्रदान गर्ने जनाएको छ। त्यसबाहेक अन्य सबै विधामा अवार्ड प्राप्त गर्नेलाई अवार्डसँगै जनही ३५/३५ हजार प्रदान गर्ने मञ्चका उपाध्यक्ष सुरज श्रेष्ठले जानकारी दिए। अवार्ड कार्यक्रममा गण्डकी प्रदेश सरकारको विशेष सहयोग रहनेछ भने प्रदेश खेलकुद परिषद गण्डकीले सहकार्य गर्नेछ। पोखरा महानगरपालिका र राष्ट्रिय खेलकुद परिषदले सघाउनेछन्। प्रबर्द्धकमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय, अफिसियल रिसोर्टको रुपमा पोखरा लेकसाइडमा रहेको मझेरी रिसोर्ट एण्ड स्पा रहेको छ।

यसैगरी उदीयमान खेलाडीको पुरस्कार सहारा क्लब पोखरा, उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब तर्फको पुरस्कार टाईगर गुप्र अफ पोखरा नेपालले प्रायोजन गर्ने सम्झौता भएको छ । यसका अलावा टेल्जी ब्राण्डको इलेक्ट्रिक स्कुटरको आधिकारिक विक्रेता योमामा ई मोर्टस् प्रा.लि., सहारा क्लब पोखरा, साहस स्पोर्ट्स, गण्डकी प्रज्ञा-प्रतिष्ठान, केसी ग्रुप/आभ्या क्लब, मादी गाउँपालिका, बुमराङ रेष्टुरेन्ट लेकसाइड, नेपाल भुतपूर्व खेलाडी मञ्च, रुपा गाउँपालिका, निसीखोला गाउँपालिका, अन्नपूर्ण गाउँपालिका, माछापुच्छ्रे गाउँपालिका, गण्डकी प्रदेश क्रिकेट संघ, इन्द्रधारा विष्ट (मुस्ताङ गल्फकोर्ष), लक्ष्मी हाउस प्रालि, थ्रीसिक्स इञ्जिनियर रेजिमेट एण्ड क्यूजिईका संयोजक क्याप्टेन कृष्ण पुन, गुरुङ हर्वल व्युटी पार्लर, दीपक थापा (हक्की संघ गण्डकी), पोखरा १५ वडा कार्यालय लगायत सहयोगी रहेका छन् । लाइभ पार्टनरका रुपमा पब्लिक फोर के टेलिभिजनले साथ दिनेछ । सहयोग विवरण आगामी दिनमा जानकारी दिँदै जाने मञ्चले जनाएको छ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी, गण्डकी प्रदेशका सम्पूर्ण खेलकुद पत्रकारको साझा संस्था हो । यो २०५७ सालमा खेलकुद पत्रकार मञ्च कास्कीका रुपमा स्थापना भएको हो । देश संघीयतामा गएसँगै यसलाई नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी प्रदेशका रुपमा स्तोरोन्नति गर्दै स्वायत्त संस्थाको रुपमा विकास गरिएको छ। खेल क्षेत्रमा उर्जा थप्न मञ्चले २०७२ सालदेखि हरेक वर्ष पोखरा स्पोर्ट्स अवार्ड गर्दै आएको छ। मञ्चमा हाल ७४ जना पत्रकार आवद्ध छन्।

# दुनाटपरी उद्योगबाट आत्मनिर्भर हुने प्रयास

**रासस**
बागलुङ, १८ बैशाख

बागलुङ नगरपालिका-३ की ७७ वर्षीया भद्रकली पुनलाई दुई महिना अगाडिसम्म दिन बिताउन निकै गाह्रो थियो । बुढेसकालमा भारी काम गर्न नसक्ने, घरमा यतिकै बस्दा समय बिताउन गाह्रो हुँदा मोबाइलमा भिडियो हेरेर बस्नुहुन्थ्यो । हिजोआज उहाँको दैनिकी फेरिएको छ। दिन कसरी बिताउने भन्ने चिन्ता पनि हरायो । उहाँ अहिले हरेक दिन उद्यमशील महिला मगर सङ्घले सञ्चालन गरेको दुनाटपरी उद्योगमा बिताउनुहुन्छ।

अचेल उहाँलाई उद्योगमा महिलाहरूसँग गफिँदै टपरी बन्दाबुन्दै समय बितेको पत्तै हुँदैन । दुई महिनाअगाडि उद्यमशील महिला मगर सङ्घले सञ्चालन गरेको दुनाटपरी उद्योगमा अर्धबैँसे र वृद्ध महिलाहरू भेटिन्छन्। उद्योगमा कोही टपरी बनाइरहेका भेटिन्छन् त कोही सिन्का चिरिरहेका हुन्छन् । उद्योगले महिलालाई स्वरोगार त बनाएको छ नै आत्मनिर्भरसमेत बनाइरहेको छ। उद्योग सञ्चालनमा आएको छोटो समयमै दुनाटपरीको माग बढ्न थालेपछि महिलालाई भ्याइनभ्याइ छ । गत फागुनदेखि सञ्चालनमा आएको उद्योग महिलाहरूको गतिलो आयस्रोतको माध्यम बन्न थालेको छ। उद्योग सञ्चालनमा आएपछि वनमा खेर गएका सालका पातले पनि बजार पाउन थालेको छ । उद्योगमा २८ महिला आबद्ध छन् । विसं २०७६ देखि महिलाहरूले सङ्गठित भएर बङ्गुरपालन थालेका थिए । महिलाहरूले अघिल्लो वर्ष अफ्रिकन स्वाइन फिवर महामारीका कारण छ सय बङ्गुर मरेपछि दुनाटपरी उद्योग सञ्चालन गरेका हुन्। बङ्गुर मर्दा रु १५ लाख बढी नोक्सानी भएको थियो। उनीहरू बिहान-बेलुका घरको काम गर्ने र फुर्सदको समय टपरी बुन्ने गर्छन् । महिलाहरूले सुरुआती चरणमै दुई महिनाको अवधिमा करिब रु दुई लाख आम्दानीसमेत गरेका छन्। भद्रकलीले छोरी, बुहारी र नातिहरूसँगै दिनभर उद्योगमै बसेर टपरी बुन्नुहुन्छ। सुख, दुःखका मन्थन गर्दागर्दै दिन बितेको थाहै नहुने उहाँले बताउनुभयो । दुनाटपरी बुन्दा समस्या नहुने हुँदा उद्योग र यहाँ काम गर्ने महिलाहरू आफ्नो सारथी बनेको भद्रकलीले सुनाउनुभयो। उहाँले भन्नुभयो, "दिनदिनै मोबाइल चलाउँदा आँखा दुख्ने, टाउको दुख्ने हुन्थ्यो, दिनभर घरमा बस्दा दिक्क लाग्ने गर्थ्यो, अहिले यहाँ (उद्योगमा) धेरै नानीहरू आउँछन्, उनीहरूसँग कुराकानी गरेर टपरी बुन्छु, दिन बितेको थाहै हुँदैन, नानीहरूले धेरै राम्रो काम गरेका छन्, म बूढीमान्छे पनि आबद्ध भएको छु, काम गर्न त सक्दैन, त्यही पनि दुई/चारवटा टपरी बुन्छु, मेरो लागि त दिन बिताउने आधार बनेको छ, आम्दानी पनि हुन्छ।" सालको पातलाई बाँसको सिन्काले उनेर परम्परागत तरिकाबाट बनाउने दुना तथा टपरीलाई आधुनिक ढङ्गले उत्पादन गर्न थालिएको छ। वनमा खेर गइरहेको सालको पातको सदुपयोग गर्दै दुनाटपरी उद्योग सञ्चालनमा ल्याइएको हो । धार्मिक कार्यका लागि महत्वपूर्ण मानिँदै आएको दुनाटपरी पछिल्लो समय अन्य प्रयोजनमा समेत प्रयोगमा आउन थालेको छ।

उद्योगमा आबद्ध सदस्य दिलमाया काउचाले नयाँ कामको सुरुवात भएको हुँदा सिक्दै स्वरोजगार बन्दै गरेको बताउनुभयो । उद्योग सञ्चालनमा नआउँदा यतिकै घरमा बस्ने गरेको भन्दै अहिले दैनिक उद्योगमा आएर काम गर्ने गरेको उहाँको भनाइ छ । "सुरुआती चरणमा छौँ, अहिलेसम्म त धेरैले राम्रो भन्नुभएको छ, वनजङ्गलमा पुगेर पातहरू ल्याउँछौँ, बर्खाका लागि पनि अहिले नै पात ल्याएर गोदाममा राखेका छौँ, पानी पऱ्यो भने पात पाइँदैन पाइए पनि कुहिन्छ", काउचाले भन्नुभयो, "उद्योगमा लागेपछि आयस्रोत पनि हुने भयो, पहिले टपरी बुन्नका लागि सिकेका थियौँ, अहिले आफैँ गर्न सक्ने भयौँ, महिला दिदीबहिनीहरू एक जुट भएपछि यो काम गर्न सहज भएको छ, बिस्तारै फस्टाउँदै जाने विश्वास दिएका छौँ ।" महिलाहरूले करिब रु तीन लाखको लागतमा दुनाटपरी बनाउने मेसिन ल्याएका छन्। बागलुङ बजार आसपासमा खेर गएका सालका पातलाई दुनाटपरी बनाएर बजारमा पठाउन थालिएको छ। पछिल्लो समय सालका पातका दुना तथा टपरीमा रेष्टुराँका परिकार बिक्री गर्न थालिएपछि यसको माग निकै बढेको उद्यमशील महिला मगर सङ्घकी अध्यक्ष बलकुमारी पुनले बताउनुभयो । दुनाटपरीलाई रु तीनदेखि रु आठसम्ममा बिक्री गर्दै आएको उहाँको भनाइ छ। विसं २०७५ मै महिलाहरू एकताबद्ध भएर सिर्जनात्मक काम गर्दै आएकामा फागुनदेखि व्यावसायिक रूपमा दुनाटपरी उत्पादनमा लागेको अध्यक्ष पुन बताउनुहुन्छ । खासगरी धार्मिक स्थल, पूजाआज गर्ने ठाउँ र सार्वजनिक कार्यक्रम हुने ठाउँबाट दुनाटपरीको माग आउने गरेको उहाँको भनाइ छ। उद्योग सञ्चालनमा आएको दुई महिनामै धेरै ठाउँबाट मागसँगै हौसल थपिँदै गएपछि काम गर्न ऊर्जा थपिएको अध्यक्ष पुनले बताउनुभयो । उद्योगमा काम गर्ने महिलाहरूले मासिक रु २५ देखि ३० हजारसम्म आम्दानी गर्नसक्ने उहाँ बताउनुहुन्छ। हाल बजारीकरणमा कुनै समस्या नभएको भन्दै आयातित प्लास्टिकका सामग्रीलाई प्रतिबन्ध लगाउन सके स्थानीय उत्पादनले बजार पाउनसक्ने पुनको भनाइ छ।

अध्यक्ष पुनले भन्नुभयो, "उद्यमशील महिला मगर संघले पाँच वर्ष अगाडि बङ्गुरपालन गरेका थियौँ तर रोगले गर्दा सबै मरे, त्यस बेला हामीहरूले रु १६ लाखभन्दा बढी क्षति व्यहोर्नु पऱ्यो, त्यसपछि अहिले दुनाटपरी उद्योग सञ्चालन गरेका छौँ, राम्रो हुँदै गएको छ, बेरोजगार दिदीबहिनीहरूले रोजगार पाएका छौँ, अहिले जसरी माग आइरहेको छ, त्यो मागलाई पूर्ति गर्नका लागि अझै धेरै कामदार चाहिन्छ, यद्यपी हामीहरूले अलि बढी समय दिएका छौँ, घरको कामधन्दा सकाएपछि बल्ल यहाँ आउँछौँ, धेरै तिरबाट माग आउँदा निकै उत्साहित भएर काम गरि रहेका छौँ।"